Australian Government
Department of Health, Disability and Ageing



# वृद्ध हेरचाह ऐन 2024 को बारेमा

# About the *Aged Care Act 2024*

नयाँ वृद्ध हेरचाह ऐन 1 नोभेम्बर 2025 बाट सुरु हुनेछ। वृद्ध हेरचाह प्रणाली कसरी सञ्चालन हुन्छ भनेर निर्धारण गर्ने यो मुख्य कानून हुनेछ। यस तथ्य पत्रले ऐनको प्रत्येक अध्यायको सारांश दिन्छ र अष्ट्रेलिया सरकारले अहिले र भविष्यमा परिवर्तनहरूलाई समर्थन गर्न के गरिरहेको छ भनेर वर्णन गर्दछ।

## नयाँ ऐनको पृष्ठभूमि

Royal Commission into Aged Care Quality and Safety (Royal Commission) [वृद्धवृद्धा हेरचाह गुणस्तर तथा सुरक्षा सम्बन्धी शाही आयोग]  ले मार्च 2021 मा आफ्नो अन्तिम प्रतिवेदन जारी गऱ्यो। यसले वृद्ध हेरचाह प्रणालीलाई सुधार गर्ने तरिकाहरू तय गऱ्यो। अष्ट्रेलियाली सरकारको लागि Royal Commission को नम्बर एक सिफारिस नयाँ अधिकारहरूमा आधारित वृद्ध हेरचाह ऐन विकास गर्नु थियो।

हामीले वृद्ध हेरचाह कानूनका परिवर्तनहरूबारे सबैसँग प्रतिक्रिया माग्यौँ र सेप्टेम्बर 2024 मा वृद्ध हेरचाह विधेयक 2024 पेश गर्यौं। यो अष्ट्रेलियाली संसद (संसद) ले नोभेम्बर 2024 मा पारित गरेको थियो र 2 डिसेम्बर 2024 मा नयाँ कानूनको रूपमा स्वीकृत भएको थियो। नयाँ वृद्ध हेरचाह ऐन 1 नोभेम्बर 2025 बाट सुरु हुनेछ।

संसदले नोभेम्बर 2024 मा Aged Care (Consequential and Transitional Provisions) Bill 2024 [वृद्ध हेरचाह (परिणामी र रूपान्तरणकालीन प्रावधान) विधेयक 2024] पनि पारित गर्‍यो। यो कानूनी प्रावधानले नयाँ वृद्ध हेरचाह ऐनमा परिवर्तनलाई समर्थन गर्दछ।

## नयाँ ऐनको सिंहावलोकन

नयाँ ऐनले शाही आयोगका 58 सिफारिसहरू अनुसारको जवाफ दिन्छ। यसले निम्नको बारेमा पनि कानूनहरू बनाउँछ:

- वृद्ध मानिसहरूका लागि Statement of Rights [अधिकारहरूको विवरण]
- कसले वृद्ध हेरचाह सेवाहरू पहुँच गर्न सक्छन्
- नयाँ ऐन अन्तर्गत प्रदान गरिने वृद्ध हेरचाह सेवाहरूको कोष, जसमा सरकारले के तिर्नेछ र एक वृद्ध व्यक्तिलाई के तिर्न लगाउन सकिन्छ
- Support at Home program [घरमा सहयोग प्रदान गर्ने कार्यक्रम]
- सुदृढ Aged Care Quality Standards [वृद्ध हेरचाह गुणस्तरका मापदण्डहरू] – यसले गुणस्तर र सुरक्षित वृद्ध हेरचाह सेवाहरू कस्तो देखिन्छन् भन्ने रूपरेखा दिन्छ
- नियामक, Aged Care Quality and Safety Commission [वृद्ध हेरचाह गुणस्तर र सुरक्षा आयोग] लाई अझ सशक्त अधिकारहरू प्रदान गर्छ।

नयाँ ऐनको उद्देश्य अष्ट्रेलियाको वृद्ध हेरचाह प्रणालीलाई बलियो बनाउनु हो। यसले वृद्ध हेरचाह प्रणालीको हिस्सा रहेका सबैलाई असर गर्नेछ। यसले:

- वृद्ध हेरचाह प्रदायकहरूले उनीहरूको घर, सामुदायिक पर्यावरण र आवासीय हेरचाह घरहरूमा वृद्ध मानिसहरूलाई कसरी सेवाहरू प्रदान गर्छन् भन्ने परिवर्तन गर्नेछ
- वृद्ध हेरचाह सुरक्षित छ, र मानिसहरूलाई सम्मानका साथ व्यवहार गरिन्छ र जीवनको गुणस्तर छ भनेर सुनिश्चित गर्न कानूनहरू पेश गर्नेछ
- अहिले हामीसँग रहेका वृद्ध हेरचाह कानूनहरूलाई बदल्नेछ।

नयाँ ऐनले सरकारले कोष दिने वृद्ध हेरचाह सेवाहरूलाई समेट्छ। यसमा वृद्ध हेरचाह कानूनहरूले विगतमा नसमेटेका कार्यक्रमहरू समावेश छन्। उदाहरणका लागि, National Aboriginal and Torres Strait Islander Flexible Aged Care (NATSIFAC) [राष्ट्रिय आदिवासी र टोरेस स्ट्रेट टापुवासी लचिलो वृद्ध हेरचाह] कार्यक्रम र Commonwealth Home Support Programme (CHSP) [राष्ट्रमण्डल घर सहायता कार्यक्रम] ।

नयाँ ऐनमा वृद्ध हेरचाह व्यवस्थापन गर्न नयाँ नियामक नमूना पनि छ। यस नमूनाको उद्देश्य दर्ता गरिएका प्रदायकहरूलाई उच्च गुणस्तरको वृद्ध हेरचाह प्रदान गर्न र अधिक जवाफदेही हुन सहयोग गर्नु हो।

## अध्याय 1 – परिचय

अध्याय 1 ले नयाँ ऐनमा प्रयोग गरिएका विचार र शब्दावलीहरूको व्याख्या गर्दछ। यसले सबैले समान तरिकाले शब्दावलीहरू प्रयोग गर्छन्, र भूमिकाहरू र कर्तव्यहरू स्पष्ट छन् भन्ने सुनिश्चित गर्दछ।

अध्याय 1 मा निम्न कुराहरू समावेश छन्:

- नयाँ ऐनको उद्देश्यहरू – यसले कानूनको उद्देश्य वर्णन गर्दछ
- अधिकारहरूको विवरण – यसले वृद्ध हेरचाह प्रणालीमा वृद्ध व्यक्तिहरूको अधिकारहरूको रूपरेखा दिन्छ
- Statement of Principles [सिद्धान्तहरूको विवरण] – यसले कामदारहरू र संगठनहरूले नयाँ कानून अन्तर्गत कसरी व्यवहार गर्नुपर्छ र कसरी निर्णय गर्नुपर्छ भनेर मार्गदर्शन दिन्छ।

यसले वृद्ध मानिसहरूलाई निर्णय गर्नको लागि मद्दत गर्न समर्थकहरूको भूमिका पनि वर्णन गर्दछ।

## अध्याय 2 – वृद्ध हेरचाह प्रणालीमा प्रवेश

अध्याय 2 ले कसले अनुदान प्राप्त वृद्ध हेरचाह सेवाहरू पहुँच गर्न सक्ने सक्छन् भन्ने कुरालाई समेट्छ।

यसमा वृद्ध हेरचाह पहुँच गर्न मानिसहरूको उमेर कति हुनुपर्छ भन्ने कुरा समावेश छ। यसले वृद्ध हेरचाह घरहरूमा कुनै पनि युवा मानिसहरू नराख्ने सरकारको लक्ष्य पूरा गर्न मद्दत गर्नेछ।

अध्यायले मानिसहरूलाई वृद्ध हेरचाह सेवाहरू पहुँच गर्न कसरी स्वीकृति प्राप्त हुन्छ भन्ने कुरा समेट्छ। एकल मूल्याङ्कन मार्गले विभिन्न मूल्याङ्कन सेवाहरूलाई एक प्रणालीमा ल्याउँछ।

अध्याय 2 मा निम्नका लागि प्रक्रियाहरू पनि समावेश छन्:

- हामी Australian National Aged Care Classification (AN - ACC) [अष्ट्रेलियाली राष्ट्रिय वृद्ध हेरचाह वर्गीकरण] को प्रयोग गरेर आवासीय हेरचाहको लागि कसरी आवश्यकताहरू मूल्याङ्कन गर्छौं र कोष निर्धारण गर्छौं
- हामी कसरी आवश्यकताहरूको मूल्याङ्कन गर्छौं र एक व्यक्तिले पहुँच गर्न सक्ने सेवाहरूको बारेमा निर्णय गर्छौं, र Support at Home कार्यक्रम को लागि कोष दिन्छौं
- कसले वित्त पोषित वृद्ध हेरचाह सेवाहरूको लागि प्राथमिकतामा पहुँच प्राप्त गर्छ
- मानिसहरूले वृद्ध हेरचाह सेवाहरू पहुँच गर्ने ठाउँ कसरी प्राप्त गर्छन्।

## अध्याय 3 – दर्ता गरिएका प्रदायकहरू, कामदारहरू र डिजिटल मंचका सञ्चालकहरू

प्रदायकहरूले वृद्ध हेरचाह सेवाहरू प्रदान गर्नु अघि वृद्ध हेरचाह गुणस्तर र सुरक्षा आयोग (Commission) मा दर्ता गर्नुपर्छ। अध्याय 3 ले दर्ता गर्नको लागि दिइएका आवेदनहरूको आयोगले कसरी मूल्याङ्कन गर्नेछ भनेर वर्णन गर्दछ। आयोगले यस प्रक्रियाको भागको रूपमा आवासीय हेरचाह घरहरूलाई पनि अनुमोदन गर्नेछ।

अध्याय 3 ले निम्न कुराहरूका लागि नियम र दायित्वहरूको रूपरेखा दिन्छ:

- दर्ता गरिएका प्रदायकहरू, तिनीहरूले केही सेवाहरू ठेक्कामा लगाएतापनि
- कामदारहरू
- जिम्मेवार व्यक्तिहरू – वृद्ध हेरचाह प्रदायकहरू भित्र नेतृत्वको भूमिकामा रहेका व्यक्तिहरू।

यदि प्रदायकले दर्ताका सर्तहरू पूरा गरेनन् भने आयोगले नियामक कारबाही गर्न सक्षम हुनेछ। यसमा गम्भीर नागरिक दण्डहरू समावेश हुन सक्छन्।

अध्याय 3 ले दर्ता गरिएका प्रदायकहरू र जिम्मेवार व्यक्तिहरूका लागि नयाँ कर्तव्यहरू पनि रेखाङ्कित गर्दछ। वृद्ध हेरचाह सेवाहरूको वितरणलाई समर्थन गर्न वृद्ध हेरचाह वेबसाइटहरू, एपहरु वा प्रणालीहरू बनाउने डिजिटल मंचका प्रदायकहरूका लागि नयाँ कर्तव्यहरू पनि छन्।

## अध्याय 4 – शुल्क, भुक्तानी र अनुदान

अध्याय 4 ले वृद्ध हेरचाह सेवाहरूका लागि कोषले कसरी काम गर्नेछ भनेर वर्णन गर्दछ। यसमा सरकारले के तिर्नेछ र दर्ता गरिएका प्रदायकहरूले वृद्धहरूलाई के तिर्न लगाउन सक्छन् भन्ने कुरा समावेश छ।

अध्याय 4 ले निम्न कुराहरू तय गर्दछ:

- कहिले सरकारी कोष सहुलियत (subsidies) वा अनुदान (grants) मा आधारित हुनेछ
- कहिले CHSP वा NATSIFAC कार्यक्रमजस्ता विशेषज्ञ वृद्ध हेरचाह कार्यक्रमहरू मार्फत कोष भुक्तान गरिनेछ।

अध्याय 4 ले एक व्यक्तिको आवश्यकता र प्रदायकको निश्चित लागतमा आधारित भागहरूमा आधारित सहुलियतको भागहरू उल्लेख गर्दछ।

यसले मानिसहरूले वित्त पोषित वृद्ध हेरचाह सेवाहरूको लागि के भुक्तानी गर्न आवश्यक हुन सक्छ र प्रदायकहरूले ती भुक्तानीहरू कसरी व्यवस्थापन गर्नुपर्छ भनेर पनि निर्धारण गर्दछ।

अध्यायले आवासीय हेरचाह र Support at Home को लागि परीक्षणले कसरी काम गर्छ भनेर रूपरेखा दिन्छ। Means testing [आर्थिक हैसियत परीक्षण] विशेषज्ञ वृद्ध हेरचाह कार्यक्रमहरूमा लागू हुँदैन।

अध्याय 4 मा दर्ता गरिएका प्रदायकहरूले कसरी निम्न कुराहरू गर्न सक्छन् भन्नेबारे नियमहरू छन्:

- वृद्ध व्यक्तिहरूसँग आवास सम्झौतामा हस्ताक्षर गर्ने
- आवासको लागि शुल्क लगाउने
- आवासको फिर्ता हुन योग्य जम्मा रकमहरू व्यवस्थापन गर्ने।

## अध्याय 5 – वृद्ध हेरचाह प्रणालीको शासन

अध्याय 5 ले वृद्ध हेरचाह प्रणाली कसले र कसरी व्यवस्थापन गर्ने भनेर बताउँछ। यसलाई शासन भनिन्छ।

विभिन्न भूमिकामा रहेका व्यक्तिहरूले वृद्ध हेरचाह प्रणालीको व्यवस्थापन गर्नेछन्:

- Department of Health, Disability and Ageing सचिवले, जसलाई System Governor [प्रणाली गभर्नर] भनिन्छ – उनले वृद्ध हेरचाह प्रणाली चलाउने र सेवाहरूको निष्पक्ष पहुँच सहितलाई व्यवस्थापन गर्छन्।
- Inspector-General of Aged Care [वृद्ध हेरचाह महानिरीक्षक] ले – वृद्ध हेरचाह प्रणालीको अनुगमन गर्छन् र संसदमा प्रतिवेदन गर्छन्
- Aged Care Quality and Safety Commissioner (आयुक्त) [वृद्ध हेरचाह गुणस्तर र सुरक्षा आयुक्त] ले – प्रदायक दर्ता व्यवस्थापन गर्छन् र वृद्ध हेरचाह गुणस्तर, सुरक्षा र वित्तीय मामिलाहरू नियमन गर्छन्। तिनीहरूले वृद्ध हेरचाह प्रदायकहरूले खुला र नैतिक तरिकाले काम गर्ने पनि सुनिश्चित गर्छन्।
- Complaints Commissioner [उजुरी आयुक्त] ले – आयोगमा गरिएका उजुरीहरू सम्हाल्छन्।
- Aged Care Quality and Safety Advisory Council [वृद्ध हेरचाह गुणस्तर र सुरक्षा सल्लाहकार परिषद] ले – आयोगको कामको निरीक्षण गर्छन्।

## अध्याय 6 – नियामक संयन्त्रहरू

आयुक्त, उजुरी आयुक्त र प्रणाली गभर्नरसँग आफ्नो भूमिका निर्वाह गर्न विभिन्न अधिकारहरू हुनेछन्। अध्याय 6 ले तिनीहरूले यी अधिकारहरू कसरी प्रयोग गर्न सक्छन् भनेर वर्णन गर्दछ। प्रदायकको सहमति वा वारेन्टबिना आवासीय हेरचाह घरमा प्रवेश गर्न अधिकृत व्यक्तिलाई आयुक्तले कहिले अनुमति दिन सक्छ भनेर पनि यसले व्याख्या गर्दछ।

अध्याय 6 ले सूचना प्राप्त गर्ने र सूचनाहरू जारी गर्ने अधिकारहरू प्रदान गर्दछ। यी अधिकारहरूले आयुक्त, उजुरी आयुक्त र प्रणाली गभर्नरले आफ्नो भूमिका पूरा गर्न आवश्यक जानकारी प्राप्त गर्न सक्ने सुनिश्चित गर्दछ।

सो अध्यायले निषेध आदेशहरूको प्रयोगको लागि पनि अनुमति दिन्छ। निषेध आदेश गलत काम गर्ने कामदारहरू र प्रदायकहरूलाई वृद्ध हेरचाह सेवाको प्रकारहरू वितरण गर्नबाट रोक्ने एक तरिका हो।

## अध्याय 7 – सूचना व्यवस्थापन

अध्याय 7 मा वृद्ध हेरचाह प्रणालीमा जानकारी व्यवस्थापनका लागि नयाँ नियमहरू समावेश छन्। यसले मानिसहरूको गोपनीयताको रक्षा गर्न मद्दत गर्नेछ। यसले दर्ता गरिएका प्रदायकहरूको जानकारी पारदर्शी छ भनेर सुनिश्चित गर्न पनि मद्दत गर्नेछ।

अध्यायमा निम्न कुराहरू समावेश छन्:

- जानकारी व्यवस्थापन गर्न अद्यावधिक ढाँचा
- सुरक्षित जानकारीको नयाँ परिभाषा
- सुरक्षित जानकारी कसले सङ्कलन, प्रयोग र खुलासा गर्न सक्छन् र कहिले।

अध्याय 7 मा खुलासाकर्ता (व्हिसलब्लोअर) हरू – मुद्दाहरू उठाउने मानिसहरूको सुरक्षा गर्न थप कुराहरू पनि समावेश छन् । यो वृद्ध व्यक्तिहरू, उनीहरूका परिवारहरू र हेरचाहकर्ताहरू, र कामदारहरूले सजाय दिइने वा अन्यायपूर्ण व्यवहार गरिने डर बिना जानकारीबारे खबर गर्न सक्छन् भनेर सुनिश्चित गर्नको लागि हो।

यदि मानिसलाई थाहा छ वा लाग्छ कि कसैले कानूनको पालना गरेको छैन भने उनीहरूले खबर गर्न सक्छन्।

## अध्याय 8 – विविध

अध्याय 8 ले वृद्ध हेरचाह प्रणालीलाई सहयोग गर्ने अन्य मामिलाहरूलाई समेट्छ। यसले निम्न कुराहरू समावेश गर्छ:

- कसरी र कहिले प्रणाली गभर्नर, आयुक्त र उजुरी आयुक्तले अरूलाई तिनीहरूको तर्फबाट काम गराउन सक्छन्
- कहिले प्रणाली गभर्नर र आयुक्तले फारामहरू स्वीकृत गर्न, शुल्क लिन र विशेष निर्णय लिन कम्प्युटर कार्यक्रमहरू प्रयोग गर्न सक्छन्
- कि वृद्ध हेरचाह मन्त्रीले नियमहरू बनाउन सक्छन्।

यस अध्यायले मानिसहरूलाई आयुक्त, उजुरी आयुक्त, प्रणाली गभर्नर र स्वतन्त्र स्वास्थ्य र वृद्ध हेरचाह मूल्य निर्धारण प्राधिकरणले गरेका केही निर्णयहरूको समीक्षाको लागि सोध्न अनुमति दिन्छ।

यसले यो पनि बताउँछ कि प्रणाली गभर्नरले उनीहरूको कामको बारेमा प्रतिवेदन गर्ने छन् र प्रत्येक वर्ष आवासको फिर्ता हुन योग्य जम्मा रकमहरूको समीक्षा गर्नेछन्।

## नयाँ ऐन र अर्को चरणहरूका लागि सहयोग

### Aged Care (Consequential and Transitional Provisions) Act 2024

### [वृद्ध हेरचाह (परिणामी र रूपान्तरणकालीन प्रावधान) ऐन 2024]

डिसेम्बर 10 मा *वृद्ध हेरचाह (परिणामी र रूपान्तरणकालीन प्रावधान) ऐन 2024* कानून बन्यो। यो एक कानूनी प्रावधान हो जसले नयाँ वृद्ध हेरचाह ऐनलाई सुरु गर्न र नयाँ ऐनमा रूपान्तरणलाई समर्थन गर्छ।

यसका 4 मुख्य उद्देश्यहरू निम्न हुन्:

- *Aged Care Act 1997 [वृद्ध हेरचाह ऐन 1997], Aged Care Quality and Safety Commission Act 2018 [वृद्ध हेरचाह गुणस्तर र सुरक्षा आयोग ऐन 2018]* र *Aged Care (Transitional Provisions) Act 1997 [वृद्ध हेरचाह (रूपान्तरणकालीन प्रावधान) ऐन 1997]* लगायतका हाम्रा चालू कानूनहरू हटाएर नयाँ वृद्ध हेरचाह ऐनलाई वृद्ध हेरचाहको मुख्य कानूनी संरचना बनाउने।
- वृद्ध हेरचाह कानूनको बारेमा जानकारीले पुरानो कानूनको सट्टा *Aged Care Act 2024 [वृद्ध हेरचाह ऐन 2024]* लाई जनाउँछ भन्ने सुनिश्चित गर्ने
- 1 नोभेम्बर 2025 देखि हालका कानूनहरू नयाँ ऐनमा कसरी परिवर्तन हुनेछन् भनेर व्याख्या गर्ने
- शाही आयोगका सिफारिस 77 र 88 बमोजिम काम गर्न सूचनाको स्वतन्त्रता कानून, *National Disability Insurance Act 2013 [राष्ट्रिय अपाङ्गता बीमा ऐन 2013]* र *Crimes Act 1958 [अपराध ऐन 1958]* परिवर्तन गर्ने।

यसले हामी नयाँ कानूनमा परिवर्तन गर्दा वृद्ध मानिसहरूले सुरक्षित, गुणस्तरीय हेरचाह प्राप्त गर्न जारी राख्नेछन् भन्ने सुनिश्चित गर्नेछ। यसले अनुमोदित वृद्ध हेरचाह प्रदायकहरूलाई नयाँ प्रणाली अन्तर्गत दर्ता गरिएका प्रदायक बन्न पनि अनुमति दिन्छ।

## नियमहरूका बारेमा प्रतिक्रिया प्राप्त गर्ने

नियमहरूको एक समूहले नयाँ ऐनलाई समर्थन गर्नेछ। नियमहरूले नयाँ ऐनलाई कसरी व्यवहारमा ल्याइनेछ भनेर व्याख्या गर्दछ। यदि हामीलाई आवश्यक छ भने हामी यी विवरणहरू समीक्षा र परिवर्तन गर्न सक्छौँ। उदाहरणका लागि, यदि कुनै समस्या आयो वा त्यहाँ उत्तम अभ्यासमा परिवर्तनहरू छन् भने।

धेरैजसो नियमहरू पहिले नै विद्यमान छन् र नयाँ ऐनको भाग बन्नेछन्। तर त्यहाँ केही नयाँ नियमहरू हुनेछन्। उदाहरणका लागि, Support at Home को लागि कोषले कसरी काम गर्छ भनेर व्याख्या गर्ने नियमहरू।

हामीलाई निम्नमा मद्दत गर्न हामी प्रतिक्रिया चाहन्छौं:

- समुदायले हामीलाई के भन्छ भन्ने आधारमा नियमहरू सुधार गर्न
- नियमहरूमा हामीले अघिल्लो परामर्शमा प्राप्त गरेको प्रतिक्रिया समावेश छन् भन्ने सुनिश्चित गर्न
- नयाँ ऐनको लागि प्रदायकहरूले के तयारी गर्न आवश्यक छ भनेर पत्ता लगाउन।

परामर्श भनेको नियमहरूले वृद्ध व्यक्ति र उनीहरूको हेरचाहलाई कसरी असर गर्छ भनेर सबैलाई बुझ्न पनि मद्दत गर्ने एक तरिका हो।

नियमहरूमाथिको परामर्शबारे थप जानकारी प्राप्त गर्नु यहाँ हेर्नुहोस्:
www.health.gov.au/our-work/aged-care-act/consultation

## मानिसहरूलाई नयाँ ऐनको लागि तयारी गर्न मद्दत गर्ने

हामी वृद्ध मानिसहरू, उनीहरूका परिवार र हेरचाहकर्ताहरूलाई सहयोग गर्नेछौँ, र वृद्ध हेरचाह क्षेत्रलाई नयाँ ऐनको लागि तयार बनाउन सहायता गर्नेछौँ।

हामी यो सुनिश्चित गर्नेछौँ कि परिवर्तनका कारणले प्रभावित व्यक्तिहरूले निम्न कुराहरू बुझ्नेछन्:

- तिनीहरूको लागि यसको अर्थ के हो, के परिवर्तन हुँदैछ र के उस्तै रहन्छ
- तिनीहरूले तयारी गर्नको लागि के गर्न आवश्यक छ र परिवर्तनहरू कहिले गर्ने
- हामी के जानकारी र निर्देशिकाहरू प्रदान गर्नेछौँ, र तिनीहरूलाई कहिले र कसरी पहुँच गर्ने।

हामीले वृद्ध हेरचाह क्षेत्रलाई नयाँ ऐनमा समायोजन गर्न मद्दत गर्न Aged Care Transition Taskforce [वृद्ध हेरचाह रूपान्तरण कार्यबल] सिर्जना गरेका छौँ। कार्यबलले समस्याहरू पत्ता लगाउन र समाधान गर्न र सरकारलाई सल्लाह दिन यस क्षेत्रसँग काम गर्नेछ।

कार्यबलका मानिसहरू वृद्ध हेरचाहमा विभिन्न अनुभव भएका विशेषज्ञहरू हुन्। यसमा नियमन, सेवा वितरण, शिक्षा र प्रशिक्षण, डाटा र डिजिटल, वृद्ध व्यक्तिहरू, आदिवासी मानिसहरू, वृद्ध हेरचाह कार्यबल, क्लिनिकल हेरचाह र प्राथमिक हेरचाहको अनुभव भएका व्यक्तिहरू समावेश छन्।

कार्यबलले परिवर्तनहरू सही तरिकाले सम्पन्न भएको सुनिश्चित गर्न पनि निरीक्षण र मार्गदर्शन गर्नेछन्।

वृद्ध हेरचाह रूपान्तरण कार्यबलबारे थप जानकारी https://www.health.gov.au/committees-and-groups/aged-care-transition-taskforce मा हेर्नुहोस्।